नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
वैदेशिक रोजगार विभाग
ई.पी.एस कोरिया शाखा
ग्वार्को, ललितपुर ।

पत्र संख्या :०८०/०८१
चलानी नं.: ९५

मितिः २०८०।०४।०९

**विषयः गलत (फेक) सूचनाप्रति सजग रहने सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार र दक्षिण कोरिया सरकार बिच भएको सम्झौता वमोजिम रोजगार अनुमति प्रणाली (EPS) मार्फत नेपाली कामदारहरु सरकारी प्रणाली (G2G) को माध्यमबाट सन् २००८ देखि रोजगारीको लागि हालसम्म करिव ९० हजार भन्दा वढी नेपाली कामदारहरु दक्षिण कोरिया प्रवेश गरिसकेका छन् ।गत आ. व. २०७९ श्रावण देखि २०८० आषाढ मसान्तसम्म २२,१९२ कामदारहरु प्रवेश गरी रोजगार अनुमति प्रणाली (EPS) मार्फत दक्षिण कोरिया प्रवेश गर्ने १६ वटा मुलूकहरुमध्ये नेपाल सर्वोत्कृष्ट रहेकोछ ।

नेपालीहरुमाझ लोकप्रिय वन्दै गईरहेको रोजगार अनुमति प्रणाली (ई. पी. एस.) लाई केही व्यक्ति एवं समूहहरुले सामाजिक सञ्जालमा विभिन्न पेज समेत वनाई कतिपयहरुले ई. पी. एस.को लोगो एवं लेटरप्याड समेत राखी भ्रामक र नक्कली फेसवुक खोल्ने, भ्रामक विषय लेखी समाचार वनाई जथाभावी पोस्ट गर्ने एवं त्यस विषयमा सत्य तथ्य नवुझी अरुले समेत शेयर गर्ने लगायतका कार्य गरी कानून विपरितका गतिविधि गरिरहेको हुँदा विश्वास नगर्नुहुन सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

मिति २०८०।०४।०८ मा ई. पी. एस. कोरिया शाखाको लेटरप्याडमा तत्काल नेपालबाट कुनै पनि कामदार कोरिया नभित्र्याउने सम्वन्धी अत्यन्त जरुरी सूचना भनी गलत (फेक) सूचना निकाली अतिरन्जित गर्ने, भ्रम छर्ने, सरकारी लेटरप्याड किर्ते गर्ने लगायतका गैरकानूनी कार्य गरेको र त्यस्तो कार्यमा संलग्नहरुलाई विधुतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ तथा नियमावली २०६४ वमोजिम साईवर अपराधमा हदैसम्मको कैद र जरिवानाको सजायको लागि नेपाल प्रहरीको साईवर व्यूरोमा लेखी पठाई सकिएकोछ।

कुनै पनि आधिकारिक सूचनाहरुको लागि सम्वन्धित व्यक्ति स्वयंले ई. पी. एस. कोरिया शाखाको वेभसाईट www.epsnepal.gov.np तथा ई. पी. एस. कोरिया शाखाले राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने सूचनाहरु हेर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

२०८०।४।९

( शोभाकर भण्डारी )
शाखा अधिकृत